कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था)
प्रधान कार्यालय, वुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं.: ०७१–४३८९५१/४३७५२९/४३८९५३
E-mail : info@grameenbanknepal.com, website: www.grameenbanknepal.com

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हालकायम चुक्ता पूँजीरु.६५,५०,००,०००/–को एक शेयर बराबरशुन्य दशमलव पाँच शेयर (१ :०.५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५ कित्ता साधारण शेयरको अनुपातमा साविककाशेयरधनीहरुको लागि रु.३२,७५,००,०००/– बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ३२,७५,०००कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

**दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उदघोषणः**

हामीलाई **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५ माघ २९ गते **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपाल लिमिटेडले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ ।**"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल **(Below Average Fundamental)** आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : फेब्रुवरी १२, २०१९ बहाल रहने अवधि : फेब्रुवरी ११,२०२० सम्म

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/११/२९ गते ।

हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति : २०७६/०१/२७ गते ।

हकप्रद शेयर निष्काशन बन्द हुने मिति : २०७६/०२/३० गते (बैंकिङ समय पश्चात्) ।

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
Wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com
**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

**यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको Website: www.niblcapital.com, ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको Website:www.samata.org.np र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।**

**क)** **संगठित संस्थाको नामः** ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.(**Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.)**

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालयः** यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय वुटवल उपमहानगरपालिका -१०, कालिकानगर, रुपन्देहीमा रहेको छ ।

**ग)** **कारोबार स्थानः** यस लघुवित्त वित्तीय संस्थाको कारोवार गर्ने मुख्य स्थान बुटवल उपमहानगरपालिका -१०, कालिकानगर, रुपन्देहीमारहेकोछ। हाल लघुवित्त वित्तीय संस्थाले देहायको स्थानहरुमा ईलाका/शाखा कार्यालयहरु स्थापना गरी आफ्नो लघुवित्त सम्बन्धी कारोवारहरु संचालन गर्दै आइरहेको छ ।भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई थप शाखा कार्यालयहरु बिस्तार गरी लघुवित्त सम्बन्धी कारोवार गर्न सक्नेछ ।

| सि.नं. | ईलाका/शाखा कार्यालय | ठेगाना |
|---|---|---|
| १. | शाखा कार्यालय, दिङ्गला | वडा नं.४, दिङ्गला बजार, भोजपुर |
| २. | शाखा कार्यालय, फुङलिङ्ग | वडा नं.५, फुङलिङ्ग बजार, बीरेन्द्र चोक, ताप्लेजुङ्ग |
| ३. | शाखा कार्यालय, भोजपुर | वड नं.६, सातधारा चोक, भोजपुर |
| ४. | शाखा कार्यालय, लहान | वड नं.८, लहान बजार, सिराहा |
| ५. | शाखा कार्यालय, राज विराज | वडा नं.५, हनुमान रोड, राज विराज, सप्तरी |
| ६. | शाखा कार्यालय, कन्चनपुर | वडा नं.४, कन्चनपुर, बेरियर, सप्तरी |
| ७. | शाखा कार्यालय, सुखिपुर | वडा नं ८, ग्रामिण हटिया चोक, सिराह |
| ८. | शाखा कार्यालय, कल्याणपुर | वडा नं ७, कल्याण बजार, सप्तरी |
| ९. | शाखा कार्यालय, मिर्चैया | वडा नं ६, मिर्चैया बजार ,थाना चोक, सिराहा |
| १०. | शाखा कार्यालय,गोलबजार | वडा नं ४, गोलबजार, सिराह |
| ११. | शाखा कार्यालय, बेल्टार | वडा नं ६, लाखा चोक, उदयपुर |
| १२. | शाखा कार्यालय, इटहरी | वडा नं ६, इटहरी चोक पूर्व, सुनसरी |
| १३. | शाखा कार्यालय, झुम्का | वडा नं १७, कान्छी चोक, सुनसरी |
| १४. | शाखा कार्यालय, इनरुवा | वडा नं ३, मालपोत चोक, सुनसरी |
| १५. | शाखा कार्यालय,चक्रघट्टी | वडा नं ६, मूनाल चोक, सुनसरी |
| १६. | शाखा कार्यालय, हरिनगरा | वडा नं १, हरिनगरा बजार, सुनसरी |
| १७. | शाखा कार्यालय,औरावनी | वडा नं २, भमरी चोक, सुनसरी |
| १८. | शाखा कार्यालय,दूहवी | वडा नं ७, ढकाल चोक पश्चिम,सुनसरी |
| १९. | शाखा कार्यालय,धरान | वडा नं ४, टेलिकम चोक,सुनसरी |
| २०. | इलाका कार्यालय,उर्लावारी | वडा नं २, मधुमल्ला रोड, उर्लाबारी चोक, मोरङ |
| २१. | शाखा कार्यालय,सलकपूर | वडा नं १२, र्खोसानी बजार, मोरङ |
| २२. | शाखा कार्यालय,डांगिहाट | वडा नं ९, डांगिहाट बजार, मोरङ |
| २३. | शाखा कार्यालय,केरौन | वडा नं ५, कालिथान चोक, मोरङ |
| २४. | शाखा कार्यालय,झूर्किया | वडा नं ६, शनिश्चरे बजार, मोरङ |
| २५. | शाखा कार्यालय,दमक | वडा नं ६, बेलडांगी रोड, दमक, झापा |
| २६. | शाखा कार्यालय,ग्वालडूव्वा | वडा नं ४,खरेलडांडा, बिजुली अफिस चोक, झापा |
| २७. | इलाका कार्यालय,बिर्तामोड | वडा नं ५,पुरानो भद्रपुर रोड, बिर्तामोड बजार, झापा |
| २८. | शाखा कार्यालय,झिलझिले | वडा नं ८, झिलझिले बजार, झापा |
| २९. | शाखा कार्यालय,घैलाडूव्वा | वडा नं ९, घैलाडूव्वा बजार, झापा |
| ३०. | शाखा कार्यालय,बनियानी | वडा नं ६, बनियानी बजार, झापा |
| ३१. | शाखा कार्यालय,चन्द्रगढी | वडा नं १०, लेखनाथ चोक उत्तर धनुषमोड, झापा |
| ३२. | शाखा कार्यालय,बूधवारे | वडा नं ३, बुधबारे बजार, झापा |
| ३३. | शाखा कार्यालय, धूलावारी | वडा नं १०, धूलाबारी चोक दक्षिण, झापा |
| ३४. | शाखा कार्यालय, काकरभिट्टा | वडा नं ६, लक्ष्मीटोल काकरभिट्टा, झापा |
| ३५. | इलाका कार्यालय, बिराटनगर | वडा नं ८, देवकोटा चोक, मोरङ |
| ३६. | शाखा कार्यालय, बनिगामा | वडा नं ६, नेता चोक, मोरङ |
| ३७. | शाखा कार्यालय, झोराहाट | वडा नं २, झोराहाट बजार, मोरङ |
| ३८. | शाखा कार्यालय, टंकी | वडा नं १. टंकी चोक, मोरङ |
| ३९. | शाखा कार्यालय, चिमडी | वडा नं ५, जामुनगाछी, पुलचोक, मोरङ |
| ४०. | शाखा कार्यालय, कटहरी | वडा नं ३, कटहरी बजार, मोरङ |
| ४१. | शाखा कार्यालय,कर्सिया | वडा नं ४, कर्सिया बजार, मारङ |
| ४२. | शाखा कार्यालय, रंगेली | वडा नं ६, रंगेली बजार, मोरङ |
| ४३. | क्षेत्रिय कार्यालय, बिराटनगर | वडा नं ९, बाटा रोड, मोरङ |
| ४४. | क्षेत्रीय कार्यालय जनकपूर | वडा नं ९, ब्रम्हपुर,धनुषा |

| | | |
|---|---|---|
| ४५. | इलाका कार्यालय,जनकपूर | वडा नं २, कदम चोक,धनुषा |
| ४६. | शाखा कार्यालय, देवपूरा, रुपैठा | वडा नं २०, देउपुरा चोक, धनुषा |
| ४७. | शाखा कार्यालय, पिपरा | वडा नं ३, शिवचोक, महोत्तरी |
| ४८. | शाखा कार्यालय, जलेश्वर | वडा नं ५, जिरोमाइल जलेश्वर, महोत्तरी |
| ४९. | शाखा कार्यालय, मनरा | वडा नं १, मनरा बजार, महोत्तरी |
| ५०. | शाखा कार्यालय, तारापट्टी | वडा नं ८, तारापट्टी चोक,धनुषा |
| ५१. | शाखा कार्यालय, धनूषा,गोविन्दपूर | वडा नं ३, धनुषाधाम, धनुषा |
| ५२. | शाखा कार्यालय, यदूकूहा | वडा नं ३, भठी चोक,धनुषा |
| ५३. | शाखा कार्यालय, देउरी,परवाहा | वडा नं २, देउरी,धनुषा |
| ५४. | शाखा कार्यालय, लोहारपट्टी | वडा नं ५, सेखटोली,महोत्तरी |
| ५५. | शाखा कार्यालय, महेन्द्रनगर | वडा नं ५, महेन्द्रनगर चोक,धनुषा |
| ५६. | इलाका कार्यालय, हरिवन | वडा नं ११, नेपाल बैंक अगाडी, सर्लाही |
| ५७. | शाखा कार्यालय, गौशाला | वडा नं ९, गौशाला बजार, महोत्तरी |
| ५८. | शाखा कार्यालय, इश्वरपूर | वडा नं ७, पोखरी टोल, सर्लाही |
| ५९. | शाखा कार्यालय, लालवन्दी | वडा नं ७, लालबन्धी बजार, सर्लाही |
| ६०. | शाखा कार्यालय, कविलासी | वडा नं ९, गैर बजार, सर्लाही |
| ६१. | शाखा कार्यालय, मलंगवा | वडा नं ८, नगरपालिका चोक, सर्लाही |
| ६२. | शाखा कार्यालय, बरहथवा | वडा नं ७, थाना चोक, सर्लाही |
| ६३. | इलाका कार्यालय,बिरगंज | वडा नं १४, त्रिमूर्ती चोक, पर्सा |
| ६४. | शाखा कार्यालय, चन्द्रनिगाहपूर | वडा नं ,चपूर बजार,रौतहट |
| ६५. | शाखा कार्यालय, गरुडा | वडा नं ५, गरुडा बजार, रौतहट |
| ६६. | शाखा कार्यालय, गौर | वडा नं ८, जिरो माइल गौर, रौतहट |
| ६७. | शाखा कार्यालय, कटहरिया | वडा नं ९, कटहरीया बजार, रौतहट |
| ६८. | शाखा कार्यालय, सिमरा | वडा नं २, सिमरा चोक, बारा |
| ६९. | शाखा कार्यालय, डुमरवाना | वडा नं १५, डुमरवाना बजार, बारा |
| ७०. | शाखा कार्यालय, कलैया | वडा नं ८, कलैया बजार, बारा |
| ७१. | शाखा कार्यालय, बरियारपूर | वडा नं १, गाढीमाईस्थान, बारा |
| ७२. | शाखा कार्यालय, पोखरिया | वडा नं २, पोखरीया बजार,पर्सा |
| ७३. | इलाका कार्यालय, हेटाडा | वडा नं २, मानस चोक,मकवानपूर |
| ७४. | शाखा कार्यालय, चौघडा | वडा नं ६, चौघडा बजार,मकवानपूर |
| ७५. | शाखा कार्यालय, विरेन्द्रनगर | वडा नं ८, पर्सा चोक, चितवन |
| ७६. | शाखा कार्यालय, टाँडी | वडा नं ८, गौंडा चोक,चितवन |
| ७७. | शाखा कार्यालय, भरतपूर | वडा नं १०, नयाँ सि.एन.सी. चोक,चितवन |
| ७८. | शाखा कार्यालय, पार्वतीपूर | वडा नं २१, पार्वतीपुर बजार,चितवन |
| ७९. | इलाका कार्यालय,बागमत्ती | वडा नं १७, ताल्छीखेल,ललितपूर |
| ८०. | शाखा कार्यालय, गजूरी | वडा नं १, ब्यारेग अगाडी, धादिङ्ग |
| ८१. | शाखा कार्यालय, बटार | वडा नं ४, बट्टार बजार,नूवाकोट |
| ८२. | शाखा कार्यालय, मच्छेगांउ | वडा नं १५, तिनथाना चोक,काठमाण्डौं |
| ८३. | शाखा कार्यालय, सितापाइला | वडा नं १५, स्वयम्भू चोक,काठमाण्डौं |
| ८४. | शाखा कार्यालय, बूढानिलकण्ठ | वडा नं ३, गंगालाल,काठमाण्डौं |
| ८५. | शाखा कार्यालय,जोरपाटी | वडा नं १५, अत्तरखेल चोक,काठमाण्डौं |
| ८६. | शाखा कार्यालय, गठ्ठाघर | वडा नं ३, गठ्ठाघर चोक,भक्तपुर |
| ८७. | शाखा कार्यालय, वनेपा | वडा नं ७, तरकारी बजार,काभ्रे |
| ८८. | क्षेत्रीय कार्यालय, बुटवल | वडा नं १०, कालिका नगर, रुपन्देही |
| ८९. | इलाका कार्यालय, शंकरनगर | वडा नं ११, मोती पथ, रुपन्देही |
| ९०. | शाखा कार्यालय, सेमलार | वडा नं १३, ताम नगर,रुपन्देही |
| ९१. | शाखा कार्यालय, अमवा | वडा नं ६, सर्जुगंज,रुपन्देही |
| ९२. | इलाका कार्यालय, पडसरी | वडा नं ८, बर्मेली चोक, रुपन्देही |
| ९३. | शाखा कार्यालय, सूर्यपुरा | वडा नं ६, सूर्यपूरा बजार, रुपन्देही |
| ९४. | शाखा कार्यालय, मर्चवार | वडा नं ५, मझगांवा, रुपन्देही |
| ९५. | इलाका कार्यालय, कावासोती | वडा नं ३, वि.पि.चोक,नवलपुर |
| ९६. | शाखा कार्यालय, चोरमारा | वडा नं ८, चौरङ्गी, नवलपुर |
| ९७. | शाखा कार्यालय, कोल्हुवा | वडा नं ३, काल्हुवा चौराह,नवलपुर |
| ९८. | शाखा कार्यालय, मुकुन्दपुर, नवलपुर | वडा नं १३, बेल्डीया,नवलपुर |

| | | |
|---|---|---|
| ९९. | शाखा कार्यालय सर्दी | वडा नं ४, सर्दी बगैंचा,नवलपुर |
| १००. | इलाका कार्यालय, सुनवल | वडा नं १, सुनवल चोक,नवलपरासी |
| १०१. | शाखा कार्यालय, परासी | वडा नं ३, सुनवल परासी चोक,नवलपरासी |
| १०२. | शाखा कार्यालय, रामनगर | वडा नं १२, भुनही चोक,नवलपरासी |
| १०३. | शाखा कार्यालय,माकरी | वडा नं ४, हाट बजार लाइन,नवलपरासी |
| १०४. | शाखा कार्यालय, बेलाटारी | वडा नं ९, क्याम्पस गेट,नवलपरासी |
| १०५. | इकाई कार्यालय, कुश्मा | वडा नं ३, कुश्मा चोक,नवलपरासी |
| १०६. | इलाका कार्यालय, पोखरा | वडा नं ९, अनुपम मार्ग, नयाँ बजार,कास्की |
| १०७. | शाखा कार्यालय, हेम्जा | वडा नं १, बगर, टुडीखेल, चौतारी,कास्की |
| १०८. | शाखा कार्यालय, तालचोक | वडा नं २६, अर्घौ चोक,कास्की |
| १०९. | शाखा कार्यालय, दुलेगौंडा | वडा नं ३,बन्केवा चोक,तनहुँ |
| ११०. | इलाका कार्यालय, बाणगंगा | वडा नं ४, होराइजन चोक,कपिलवस्तु |
| १११. | शाखा कार्यालय, बाँसगढी | वडा नं ८, बाँसगढी,रुपन्देही |
| ११२. | शाखा कार्यालय, गोरूसिङ्गे | वडा नं ३, गोरुसिङ्गे,कपिलवस्तु |
| ११३. | शाखा कार्यालय, गोटिहवा | वडा नं १, नँयाटोल, कपिनलवस्तु |
| ११४. | शाखा कार्यालय, विरपुर | वडा नं ५, चन्द्रैटा चोक,कपिलवस्तु |
| ११५. | शाखा कार्यालय, महाराजगंज | वडा नं १, विध्यालय चोक,कपिलवस्तु |
| ११६. | शाखा कार्यालय, बहादुरगंज | वडा नं २, बैंक टोल,कपिलवस्तु |
| ११७. | शाखा कार्यालय, सन्धिखर्क | वडा नं १, मञ्च लाइन, अर्घाखाँची |
| ११८. | इलाका कार्यालय, बाग्लुङ्ग | वडा नं २, आवा रोड,बाग्लुङ्ग |
| ११९. | शाखा कार्यालय, कुश्मा | वडा नं ५, लोकत्रान्तीक चोक,पर्वत |
| १२०. | शाखा कार्यालय, बेनी | वडा नं ७, न्यूरोड,म्याग्दी |
| १२१. | इलाका कार्यालय, स्याङ्गजा | वडा नं १, हुलाक चोक, स्याङ्गजा |
| १२२. | शाखा कार्यालय, बयरघारी | वडा नं १, बयर घारी, स्याङ्गजा |
| १२३. | शाखा कार्यालय, गल्याङ | वडा नं ३, भानु स्कुल, स्याङ्गजा |
| १२४. | शाखा कार्यालय, वालिङ्ग | वडा नं ८, घुमतीमोड, स्याङ्गजा |
| १२५. | इलाका कार्यालय, पाल्पा | वडा नं ४, बारुदथान,पाल्पा |
| १२६. | शाखा कार्यालय, रामपुर | वडा नं ७, किसान बारी,पाल्पा |
| १२७. | इकाई कार्यालय, हार्थोक | वडा नं ३, हर्थौली बजार,पाल्पा |
| १२८. | इकाई कार्यालय, यम्घा | वडा नं ४, दर्लाम,पाल्पा |
| १२९. | इकाई कार्यालय, सराई | वडा नं ३, सराई बजार,पाल्पा |
| १३०. | शाखा कार्यालय, रिडी | वडा नं १, रिडी बजार,गुल्मी |
| १३१. | शाखा कार्यालय, तम्घास | वडा नं २, बाखेछेडा,गुल्मी |
| १३२. | इलाका कार्यालय, दमौली | वडा नं २, भेटघाट चोक,तनहुँ |
| १३३. | शाखा कार्यालय, भंसार | वडा नं १, डुर्मे, तनहुँ |
| १३४. | शाखा कार्यालय, भोटेओडार | वडा नं ९, सिउडी बारी,लमजुङ्ग |
| १३५. | शाखा कार्यालय, बेशीसहर | वडा नं ८, सेरा,लमजुङ्ग |
| १३६. | इकाई कार्यालय, दुईपिप्ले | वडा नं ४,लमजुङ्ग |
| १३७. | शाखा कार्यालय, गोरखा | वडा नं ८, पेट्रोल पम्प एरिया,गोरखा |
| १३८. | क्षेत्रीय कार्यालय, नेपालगंज | वडा नं १२, नेपालगंज,बाँके |
| १३९. | ईलाकाकार्यालय, नेपालगंज | वडा नं ८,बाँके |
| १४०. | शाखा कार्यालय, बेतहनी | वडा नं २, न्यूरोड,बाँके |
| १४१. | शाखा कार्यालय, खजुरा | वडा नं ३, खजुरा,बाँके |
| १४२. | शाखा कार्यालय, राझा | वडा नं २०, रांझा,बाँके |
| १४३. | ईलाका कार्यालय, कोहलपुर | वडा नं ११, न्यूराड,बाँके |
| १४४. | शाखा कार्यालय, कचनापुर | वडा नं ८, शम्शेरगंज,बाँके |
| १४५. | शाखा कार्यालय, बासगढी | वडा नं ५, बासगढी,बर्दिया |
| १४६. | शाखा कार्यालय, भुरीगाऊ | वडा नं १, भूरीगाउ,बर्दिया |
| १४७. | शाखा कार्यालय, मगरागडी | वडा नं १०, मगरनगडी,बर्दिया |
| १४८. | ईलाका कार्यालय, गुलरिया | वडा नं ६, मतांगी टोल,बर्दिया |
| १४९. | शाखा कार्यालय, मैनापोखर | वडा नं ६, मैनापोखर,बर्दिया |
| १५०. | शाखा कार्यालय, सानोश्री | वडा नं ८, कुसुम्बा बजार,बर्दिया |
| १५१. | शाखा कार्यालय, राजापुर | वडा नं ४, राजापुर,बर्दिया |
| १५२. | ईलाका कार्यालय, विरेन्द्रनगर | वडा नं६, सुर्खेत |

| | | |
|---|---|---|
| १५३. | शाखा कार्यालय, छिन्चु | वडा नं १२, छिन्चु, सुर्खेत |
| १५४. | शाखा कार्यालय, नारायण न.पा. | वडा नं १, नयाँबजार,दैलेख |
| १५५. | शाखा कार्यालय, चौरजहारी | वडा नं १, चौरजहारी चोक,रुकुम |
| १५६. | शाखा कार्यालय, जुम्ला | वडा नं ५, बजार, जुम्ला |
| १५७. | ईलाका कार्यालय, घोराही | वडा नं १५,दाङ्ग |
| १५८. | शाखा कार्यालय, नारायणपुर | वडा नं १०, नारायणपुर,दाङ्ग |
| १५९. | शाखा कार्यालय, लालमटिया | वडा नं ५, लमही,दाङ्ग |
| १६०. | शाखा कार्यालय, गढवा | वडा नं ६, गढवा,दाङ्ग |
| १६१. | शाखा कार्यालय, सुलीचौर | वडा नं ४, सुलीचौर,रोल्पा |
| १६२. | शाखा कार्यालय, विजुवार | वडा नं ४, विजुवार,प्युठान |
| १६३. | ईलाका कार्यालय, तुल्सीपुर | वडा नं ६, न्यायमार्ग,दाङ्ग |
| १६४. | शाखा कार्यालय, हेकुली | वडा नं ६, पोटली,दाङ्ग |
| १६५. | शाखा कार्यालय, पंचकुले | वडा नं ६, कौशिलापुर,दाङ्ग |
| १६६. | शाखा कार्यालय, श्रीनगर | वडा नं १, सल्यान, सल्यान |
| १६७. | शाखा कार्यालय, खलंगा | वडा नं २, खलंगा, सल्यान |
| १६८. | शाखा कार्यालय, मुसिकोट | वडा नं १, मुसिकोट, रुकुम |
| १६९. | शाखा कार्यालय, धनगढी | वडा नं ५, हसनपुर, कैलाली |
| १७०. | इलाका कार्यालय, अत्तरिया | वडा नं १, अत्तरीया धनगढी मेनरोड, कैलाली |
| १७१. | हाखा कार्यालय, चौमाला | वडा नं १, चौमाला, कैलाली |
| १७२. | शाखा कार्यालय, हसुलिया | वडा नं १, हसुलिया, कैलाली |
| १७३. | शाखा कार्यालय, भजनी | वडा नं १, डागा बजार, कैलाली |
| १७४. | शाखा कार्यालय, फुलबारी | वडा नं १९, पच्चिर घर, कैलाली |
| १७५. | शाखा कार्यालय, मसुरिया | वडा नं ७, साझा बजार, कैलाली |
| १७६. | इलाका कार्यालय, सुखड | वडा नं १, सुखड बजार, कैलाली |
| १७७. | शाखा कार्यालय, टिकापुर | वडा नं १, भीमसेन चोक, कैलाली |
| १७८. | शाखा कार्यालय, वलिया | वडा नं २, मोतिपुर, कैलाली |
| १७९. | शाखा कार्यालय, कालिका | वडा नं ६, प्रगती नगर टाउन, कन्चनपुर |
| १८०. | इलाका कार्यालय, महेन्द्रनगर | वडा नं १८, भगतपुर, कन्चनपुर |
| १८१. | शाखा कार्यालय, दोधाराचादनी | वडा नं ६, हेल्थपोष्ट, कन्चनपुर |
| १८२. | शाखा कार्यालय, बेलडाडी | वडा नं २, बेलडाडी, कन्चनपुर |
| १८३. | शाखा कार्यालय, बेलौरी | वडा नं ४, बेलौरी बजार, कन्चनपुर |
| १८४. | शाखा कार्यालय, झलारी | वडा नं १०, झलारी बजार, कन्चनपुर |
| १८५. | शाखा कार्यालय, जोगाबुडा | वडा नं १२, लालढुंगा जोगाबुडा, डडेल्धुरा |
| १८६. | इलाका कार्यालय, अमरगढी, डडेल्धुरा | वडा नं ५, तुफानडाँडा, डडेल्धुरा |
| १८७. | शाखा कार्यालय, दिपायल | वडा नं ४, पिपल्ला बजार, डोटी |
| १८८. | शाखा कार्यालय, दार्चुला | वडा नं ४, खलंगा, दार्चुला |
| १८९. | शाखा कार्यालय, बैतडी | वडा नं ४, छेला, बैतडी |
| १९०. | शाखा कार्यालय, बझाङ | वडा नं ४, चैनपुर, बझाङ |
| १९१. | क्षेत्रीय कार्यालय, धनगढी | वडा नं ५, हसनपुर देउवा चोक, कैलाली |
| १९२. | शाखा कार्यालय, साँफेबगर | वडा नं ३, साँफेबगर, अछाम |
| १९३. | शाखा कार्यालय, मार्तडी | वडा नं १०, नयाँसडक, बाजुरा |

**घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले साविकमा क्षेत्रीय स्तरमा स्थापना भएका पुर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा सुदुरपश्चिमाञ्चल ग्रामीण विकास बैंकहरु, मर्ज भई राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.(साविकको नेपाल ग्रामीण विकास बैंक लि.) ले मिति २०७१ साउन ३० गते देखि एकिकृत वित्तीय कारोवार शुरु गरी लघुवित्त सेवा संचालन गर्दै आएको छ । यस वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुलाई समूह “क” र सर्वसाधारण शेयरधनीहरुलाई समूह “ख” मा वर्गीकरण गरिएकोछ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस लघुवित्त वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाए बमोजिम रहेका छन :

(क) वित्तीय संस्थाका ग्राहक सदस्य, निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघु वित्तीय सेवा उपलब्ध गराउने,

(ख) नेपालका ग्रामीण तथा अन्य क्षेत्रमा कृषि, उद्योग र सेवा ब्यबसायहरु संचालन गर्न सुलभ तरीकाबाट लघुकर्जा उपलब्ध गराउने,

(ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण क्षेत्रको विकासमा योगदान पुर्‍याउने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) लक्षित वर्गलाई लघुवित्त सेवा प्रदान गर्ने,

(ङ) ग्रामीण क्षेत्रका विपन्न वर्ग र खासगरी महिलाहरुलाई समूहमा आवद्ध गराई सामूहिक जमानीमा कर्जा तथा अन्य सामाजिक क्रियाकलापको माध्यमबाट उनीहरुको रोजगारी र आर्थिक एवं सामाजिक अवस्थामा सुधार ल्याउन सहयोग पुर्‍याउने र

(च) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**ङ) शेयर पूँजीको संरचना :**

(क) **अधिकृत पूँजी :** यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,००,००,००,०००/–(अक्षरेपी एक अर्व) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा १,००,००,००० (एक करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) **जारी पूँजी :** यस वित्तीय संस्थाको जारी पूँजी रु.९८,२५,००,०००/– (अक्षरेपी अन्ठान्नब्बे करोड पच्चीस लाख) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ९८,२५,००० (अन्ठानव्बे लाख पच्चीस हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) **चुक्ता पूँजी :** यस वित्तीय संस्थाकोचुक्ता पूँजी रु.६५,५०,००,०००/– (अक्षरेपी पैंसठी करोड पचास लाख) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– अंकित मूल्यका ६५,५०,००० (पैंसठी लाख पचास हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
यस विवरण पत्र मार्फत हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु.९८,२५,००,०००/–(अक्षरेपी अन्ठान्नब्बे करोड पच्चीस लाख) हुनेछ ।

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

हकप्रद शेयर निष्काशन गर्नुपूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयरकित्ता | पूँजीसंरचना | चुक्ता रकम(रु.) | भुक्तानीप्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ४५,७८,९६९ | ६९.९०८% | ४५,७८,९६,९००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | १९,७१,०३१ | ३०.०९२% | १९,७१,०३,१००/– | शतप्रतिशत |
| | **जम्मा** | **६५,५०,०००** | **१००%** | **६५,५०,००,०००/–** | |

हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको स्थिति :

| समूह | शेयरधनीहरु | शेयर कित्ता | पूँजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ६८,६८,४६१ | ६९.९०८% | ६८,६८,४६,१००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २९,५६,५३९ | ३०.०९२% | २९,५६,५३,९००/– | शतप्रतिशत |
| | **जम्मा** | **९८,२५,०००** | **१००%** | **९८,२५,००,०००/–** | |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या:**

| क्र.सं. | शेयरधनीको नाम, थर | ठेगाना | शेयर संख्या | चुक्ता रकम(रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | नेपाल सरकार | | १९७५८०३ | १९७५८०३३८/४८ | शत्प्रतिशत |
| २. | नेपाल राष्ट्र बैंक | वालुवाटार, काठमाण्डौ | १९९९८८ | १९९९८८००/०० | शत्प्रतिशत |
| ३. | नेपाल बैंक लि. | धर्मपथ, काठमाण्डौं | १९०१०५ | १९०१०५०२/५६ | शत्प्रतिशत |
| ४. | राष्ट्रिय बाणिज्य बैंक | सिंहदरवारप्लाजा, काठमाण्डौ | १५०३२९ | १५०३२९०२/५६ | शत्प्रतिशत |
| ५. | हिमालयन बैंक लि. | त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौं | ९५९९६ | ९५९९६००/– | शत्प्रतिशत |
| ६. | नेपाल बंगलादेश बैंक लि. | तीनधारा, कमलादी, काठमाण्डौं | ९६८१० | ९६८१०००/– | शत्प्रतिशत |
| ७. | नेपाल इन्भेष्टमेण्ट बैंक लि. | दरवारमार्ग, काठमाण्डौं | ४८५९८ | ४८५९८०२/५६ | शत्प्रतिशत |
| ८. | नविल बैंक लिमिटेड | दरवारमार्ग, काठमाण्डौं | ५३६३५ | ५३६३५५१/२८ | शत्प्रतिशत |
| ९. | स्ट्याण्डर्ड चार्टड बैंक नेपाल लि. | नयाँ बानेश्वर, काठमाण्डौं | ६०० | ६०००२/५६ | शत्प्रतिशत |
| १०. | नेपाल एस.वि.आई बैंक लि. | हात्तिसार, काठमाण्डौं | ९२८१० | ९२८१०००/– | शत्प्रतिशत |
| ११. | कृषि विकास बैंक लि. | रामशाहपथ, काठमाण्डौं | ६९८ | ६९८००/– | शत्प्रतिशत |
| १२. | बैंक अफ काठमाण्डौं लि. | कमलादी, काठमाण्डौं | ६९८ | ६९८००/– | शत्प्रतिशत |
| १३. | पिपुल्स इनभेष्टमेण्ट कम्पनी लि. | खिचापोखरी, काठमाण्डौं | ६७०००८ | ६७०००८००/– | शत्प्रतिशत |
| १४. | एनसिसि.बैंक लि. | बागबजार, काठमाण्डौं | २३३ | २३३००/– | शत्प्रतिशत |
| १५. | निक्षेप तथा कर्जा सुरक्षण कोष | नक्साल, काठमाण्डौं । | ३१९४ | ३१९४००/– | शत्प्रतिशत |
| १६. | बैंकका शेयर सदस्य र कर्मचारीहरु | | ७९०९८६ | ७९०९८६००/– | शत्प्रतिशत |
| १७. | एच.पि.अग्रवाल एण्ड कम्पनी | | ४१९८ | ४१९८००/– | शत्प्रतिशत |
| १८. | बन्दीकापुर ब. सहकारी संस्थालि. | | १२२८७ | १२२८७००/– | शत्प्रतिशत |
| १९. | अन्य व्यक्ति/संस्था | | १९१९९२ | १९१९९२००/– | शत्प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | **संस्थापक समूहको जम्मा** | ४५,७८,९६९ | ४५,७८,९६,९००/– | |
| | **सर्वसाधारण समूहको जम्मा** | १९,७१,०३१ | १९,७१,०३,१००/– | |
| | **जम्मा** | **६५,५०,०००** | **६५,५०,००,०००/–** | |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजीरु.६५,५०,००,०००/–को एक शेयर बराबर शुन्य दशमलव पाँच (१:०.५) (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.३२,७५,००,०००/–बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ३२,७५,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

हकप्रदशेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको वर्तमान जारी तथा चुक्ता पुँजी रु.६५,५०,००,०००/- (अक्षरुपी पैसट्ठी करोड पचास लाख मात्र) को ५० प्रतिशत (१ : ०.५ अनुपातमा) हकप्रद शेयर जारी गर्ने सम्वन्धी प्रस्ताव सर्वसम्मतीले पारीत भयो ।

साधारण सभा सम्पन्न भएको मिति :**२०७५/६/५ गते शुक्रवार सम्पन्न विशेष साधारण सभा ।**

**ञ) संचालकहरुको परिचय :**

वित्तीय संस्थाको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | योग्यता | व्यवसायिक अनुभव |
|---|---|---|---|---|
| १. | श्री माणिकरत्न शाक्य,<br>वडा नं. २४,काठमाण्डौ<br>प्रतिनिधी–पिपुल्स इन्भेष्टमेण्ट कम्पनी लि.<br>(संस्थापक समूह) | अध्यक्ष | बि.कम. | – नेपाल सुन चाँदी व्यवसायमा आबद्ध ।<br>– नेपाल सुन चाँदी व्यवसायी महासंघको बरिष्ठ उपाध्यक्ष ।<br>–नेपाल सुन चाँदी व्यवसायी संघको अध्यक्ष ।<br>– नेपाल सुन चाँदी कम्पनी प्रा.लि.को कार्यकारी अध्यक्ष ।<br>–पिपुल्स इन्भेष्टमेण्ट कम्पनी लि.को संचालक । |
| २. | श्री बम बहादुर मिश्र,<br>दमक न.पा.-९, झापा<br>प्रतिनिधी–नेपाल राष्ट्र बैंक<br>(संस्थापक समूह) | संचालक | मास्टर्स इन पब्लिक पोलिसी, एम.बि.ए., एल.एल.बि. | –नविल बैंक लि.मा ३.५ वर्षको कार्य अनुभव।<br>– एनआईसी एशिया बैंक लि.मा ३.५ वर्षको कार्यअनुभव<br>–नेपाल राष्ट्र बैंकमा विगत १६ वर्ष देखि कार्यरत । |
| ३. | श्री चण्डी प्रसाद घिमिरे,<br>वडा नं.१३, कुसुन्ती, नयाँ नगर, ललितपुर<br>प्रतिनिधी–नेपाल सरकार, अर्थ मन्त्रालय<br>(संस्थापक समूह) | संचालक | एम.पि.ए | – विगत २२ वर्ष देखि निजामती सेवामा कार्यरत |
| ४. | श्री सलोनिका सिंह,<br>वडा नं.१, ललितपुर<br>प्रतिनिधी– नेपाल बंगलादेश बैंक लि.<br>(संस्थापक समूह) | संचालक | एम.बि.एम. | – विगत विभिन्न बैंक तथा वित्तीय संस्थामा करिव १८ वर्षको कार्य अनुभव र हाल ६ वर्ष देखि नेपाल बंगलदेश बैंक लि. मा विजनेश प्रमुखको रुपमा कार्यरत । |
| ५. | श्री भेषराज कँडेल,<br>तिलोतमा न.पा.६, रुपन्देही<br>(सर्वसाधारण समूह) | संचालक | स्नातक | – नीजि व्यवसाय र समाजसेवामा आबद्ध ।<br>– सरकारी आयोजनाहरुमा करीव १२ वर्षको काम गरेको अनुभव ।<br>– विगतमा सहकारी संस्थाको संचालक समितिमा बसेर काम गरेको अनुभव । |
| ६. | श्री सुशिल कुमार थापा,<br>इलाम न.पा.९, इलाम<br>(सर्वसाधारण समूह) | संचालक | डिप्लोमा इन ल | –निजामति सेवामा करिव ३४ बर्षको कार्य अनुभव। |
| ७. | श्री रमेश दाहाल,<br>मध्येपुर ठिमी १७,जातिगाल, सानोठिमी | स्वतन्त्र संचालक | एम.ए. (अर्थशास्त्र) | –विगतमा८ वर्षको प्राध्यापन अनुभव ।<br>–नेपाल राष्ट्र बैंकमा ३० वर्षसम्म विभिन्न पदमा कार्य गरेको अनुभव । |

**प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :**

नाम : श्री पर्वत कुमार कार्की

ठेगाना :वडा नं.९, सिनामंगल, काठमाण्डौं

शैक्षिक योग्यता : स्नातकोत्तर (जनप्रशासन, बैकिङ्ग/फाईनान्स)

अनुभवः नेपाल राष्ट्र बैंकमा ३० बर्षको कार्यअनुभव तथा ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.मा विगत २½ वर्ष देखि प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत ।

**ट)संचालक समितिको बनौट :**

यस वित्तीय संस्थाको नियमावलीमा देहाय बमोजिम ७ (सात) जना संचालकहरु रहने गरी संचालक समिति गठनको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संस्थापक समूह "क" का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु | |
| नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट एक/एक जनाको प्रतिनिधित्व हुने गरी | २ जना |
| बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी र संस्थाबाट प्रतिनिधित्व हुने गरी आपसी समझदारीबाट मनोनित वा निर्वाचित | २ जना |
| **जम्मा** | **४ जना** |
| सर्वसाधारण समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित | **२ जना** |
| संचालक समितिले नियूक्त गरेको स्वतन्त्र संचालक | **१ जना** |
| **जम्मा** | **७ जना** |

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एकशेयर बराबर शुन्य दशमलव पाँच शेयर(१: ०.५) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर(Fraction Share)मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई वित्तीय संस्थाको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयरबाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयरबाँडफाँड गरिनेछ ।

**ण) विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

**वासलात**

**(रु. हजारमा)**

| पूँजी तथा दायित्व | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| १. शेयर पूँजी | ५५७,५०० | ५५७,५०० | ६५५,००० | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| २. जगेडा तथा कोषहरु | १२,९८८ | १४०,२५१ | ३००,७२१ | ४५१,०४१ | ६०४,३५१ | ७७४,५६८ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ४,२९६,१५६ | ४,५३६,१९४ | ४,७८९,०१७ | ५,६६७,५२५ | ६,७६७,०९७ | ८,०८७,४१७ |
| ५. निक्षेप दायित्व | १,८१९,४११ | २,२५५,८३७ | २,७४४,६६० | ३,३४८,४८५ | ४,४२०,००१ | ५,५६९,२०१ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | – | – | – | – | – |
| ८. आयकर दायित्व | – | – | – | ६४,४२३ | ६५,७०४ | ७२,९५० |
| ९. अन्य दायित्व | ९७६,०३८ | १,३३८,३३६ | १,४९१,९३५ | १,५२१,७७३ | १,६७३,९५० | १,८७४,८२५ |
| **कुल दायित्व** | **७,६६२,०९३** | **८,८२८,११८** | **९,९८१,३३३** | **१२,०३५,७४७** | **१४,५१३,६०३** | **१७,३६१,४६१** |
| **सम्पत्ति** | **वास्तविक** | | | **प्रक्षेपित** | | |

| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
|---|---|---|---|---|---|---|
| १. नगद मौज्दात | २३,७३३ | ३३,२६९ | ३४,८८३ | ५३०,५०१ | ६६४,८४१ | ८५६,९५६ |
| २ नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ७३६ | ७१७ | ६६७ | ४५,०८० | ५५,९३५ | ६८,२८३ |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ७४४,१०५ | ५२०,९६५ | ६७३,३३६ | ७४०,६७० | ७७७,७०३ | ८१६,५८८ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - | - | - | - | - | - |
| ५. लगानी | १६,६५४ | ८,५५४ | ६,०५४ | ६,०५४ | ६,०५४ | ६,०५४ |
| ६. कर्जा सापट तथा बिल खरिद | ६,०८३,६१८ | ७,३६३,३६८ | ८,२५४,०६९ | ९,४८३,०७७ | ११,५५६,९५६ | १३,८५७,४३९ |
| ७. स्थिर सम्पत्ति | २८,५८८ | ३४,३४६ | ३४,८३५ | ३४,१४९ | ३०,३७२ | २७,९३४ |
| ८. गैर बैंकिङ्क सम्पत्ति | - | - | - | - | - | - |
| ९. अन्य सम्पत्ति | ७६४,६५९ | ८६६,८९९ | ९७७,४८९ | १,१९६,२१६ | १,४२१,७४२ | १,७२८,२०७ |
| **कुल सम्पत्ति** | **७,६६२,०९३** | **८,८२८,११८** | **९,९८१,३३३** | **१२,०३५,७४७** | **१४,५१३,६०३** | **१७,३६१,४६१** |

**नाफा नोक्सान हिसाव**

(रु.हजारमा)

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| १. व्याज आम्दानी | १,१४७,१०४ | १,४१९,३६१ | १,५३३,३९३ | १,५९६,६९५ | १,८९०,९३७ | २,२८०,३२८ |
| २. व्याज खर्च | २८६,१७५ | ४१५,७२८ | ६५६,६८५ | ७५४,६१२ | ९१५,००४ | १,११६,९९८ |
| **खुद ब्याज आम्दानी** | **८६०,९२९** | **१,००३,६३३** | **८७६,७०८** | **८४२,०८३** | **९७५,९३३** | **१,१६३,३३०** |
| ४. कमिशन तथा अन्य सन्चालन आम्दानी | ९७,४४४ | ११५,४९० | १७२,६६९ | १६९,९७७ | २०७,०२० | २४८,४२४ |
| ५. सटही घटबढ आम्दानी | - | - | - | - | - | - |
| **कुल संचालन आम्दानी** | **९५८,३७३** | **१,११९,१२३** | **१,०४९,३७७** | **१,०१२,०६०** | **१,१८२,९५४** | **१,४११,७५५** |
| ६. कर्मचारी खर्च | ४७१,४६७ | ७४४,३२९ | ६३९,३५८ | ७३५,२६२ | ८४५,५५१ | १,०१४,६६१ |
| ७. अन्य संचालन खर्च | ८८,९५८ | ९०,६५५ | ९९,०२७ | ११७,४८९ | १२८,३६० | १४६,२९२ |
| ८. सटही घटबढ नोक्सान | - | - | - | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | **३९७,९४८** | **२८४,१३९** | **३१०,९९२** | **१५९,३१०** | **२०९,०४३** | **२५०,८०१** |
| ९. सम्भावित नोक्सानी | १०९,९५२ | १३४,१८९ | १२४,४१५ | १०,४९५ | १९,२९५ | २१,८२६ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२८७,९९६** | **१४९,९५०** | **१८६,५७७** | **१४८,८१४** | **१८९,७४८** | **२२८,९७५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | २,७९९ | १,१३१ | ७,९७० | ३३९ | ३८० | ४१८ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ७३,८६९ | ६९,६७६ | ५५,०६१ | ८७,०६३ | ५०,७८७ | ३८,०९० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **३६४,६६४** | **२२०,७५७** | **२४९,६०८** | **२३६,२१७** | **२४०,९१५** | **२६७,४८३** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | १,९१८ | १,७३९ | १,०२७ | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **३६६,५८२** | **२२२,४९७** | **२५०,६३५** | **२३६,२१७** | **२४०,९१५** | **२६७,४८३** |
| १३.कर्मचारी बोनस व्यवस्था | ३३,३२६ | २०,२२७ | २२,७८५ | २१,४७४ | २१,९०१ | २४,३१७ |
| १४.आयकर ब्यबस्था | *८७,४५१* | *७३,९६८* | *६७,५४०* | *६४,४२३* | *६५,७०४* | *७२,९५०* |
| यस वर्षको | १११,०७९ | १४३,६५१ | ११२,३२८ | ६४,४२३ | ६५,७०४ | ७२,९५० |
| गत वर्षको | १,९७६ | - | - | - | - | - |
| पर सारिएको आयकर आम्दानी/(खर्च) | (२५,६०४) | (६९,६८३) | (४४,७८८) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **२४५,८०५** | **१२८,३०२** | **१६०,३११** | **१५०,३२०** | **१५३,३१०** | **१७०,२१७** |
| शेयर संख्या (हजारमा) | ५,५७५ | ५,५७५ | ६,५५० | ९,८२५ | ९,८२५ | ९,८२५ |
| प्रति शेयर आम्दानी (रु.) | ४४.०९ | २३.०१ | २४.४७ | १५.३० | १५.६० | १७.३२ |

| वित्तीय प्रक्षेपणका आधार तथा तरिका: | | | |
|---|---|---|---|
| विवरण | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| १. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा) | २२.००% | ३२.००% | २६.००% |
| २. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा) | १४.८९% | २१.८७% | १९.९१% |
| ३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा) | ९३.९२% | ९२.८२% | ९१.७४% |
| ४. कुल आयमा औषत बृद्धिदर | ३.५५% | १८.७५% | २०.५३% |
| ५. कुल खर्चमा औषत बृद्धिदर | ६.४७% | १७.९५% | २०.५२% |
| ६. संचालन खर्च तथा कुल आम्दानी अनुपात | ४८% | ४६% | ४६% |
| ७. खुद मुनाफामा औषत बृद्धिदर | -६.२३% | १.९९% | ११.०३% |
| ८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा) | ६.७५% | ६.७५% | ६.७५% |
| ९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा) | १७.७५% | १७.७५% | १७.७५% |
| १०. आयकर व्यवस्था (प्रतिशतमा) | ३०.००% | ३०.००% | ३०.००% |
| ११. निस्क्रिय कर्जा सापट (प्रतिशतमा) | २.९५% | १.९९% | १.३९% |

**माथि उल्लेखित वित्तीय प्रक्षेपणका आधारको औचित्य पुष्टी हुने विवरणहरु :**

**१.कर्जा तथा सापट :**

संस्थाको आ.ब.२०७४/०७५ को आषाढ मसान्त सम्ममा असलकर्जामा करिब ११.९३प्रतिशतको बृद्धि भएको रसंस्थाको व्यवस्थापनले गर्ने योजना अनुसार आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा क्रमशः १४.८९,२१.८७ र १९.९१प्रतिशतले कुल कर्जा बृद्धि हुने प्रक्षेपण गरिएको छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः १७.७५, १७.७५ र १७.७५ प्रतिशत हुने अनुमान गरिएको छ।

कर्जा नोक्सानी व्यवस्था आ.ब. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि कुल कर्जा तथा सापटको क्रमशः ३.२६, २.४४ र १.९४प्रतिशत कायम रहने अनुमान गरिएको छ।

**२.निक्षेपः**

संस्थाको आ.ब.२०७३/०७४ को आषाढ मसान्तबाट आ.ब.२०७४/०७५ को आषाढ मसान्त सम्ममा जम्मा निक्षेपमा लगभग २१.६७प्रतिशतको बृद्धि भएको र संस्थाको ब्यबस्थापनले गर्ने योजना अनुसार आ.ब. २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा क्रमशः २२, ३२ र २६ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ६.७५, ६.७५ र ६.७५ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

**३. तरलताः**

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः २५.४८, २०.३७ र १७.६५ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमशः ३.३६, २.७७ र २.९९ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

४.संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाएको छ।

**५.**आउँदो वर्षहरुको लागि वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।

६.गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय विवरण प्रक्षेपण गरिएको हो।

**नेटवर्थ गणना :**

| विवरण | वास्तविक (रु.हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| चुक्ता पुंजी | ५५७,५०० | ५५७,५०० | ६५५,००० | ९८२,५०० | ९८२,५०० | ९८२,५०० |
| जगेडा तथा कोषहरु | १२,९८८ | १४०,२५१ | ३००,७२२ | ४५१,०४१ | ६०४,३५१ | ७७४,५६८ |
| **कुल** | **५७०,४८८** | **६९७,७५१** | **९५५,७२२** | **१,४३३,५४१** | **१,५८६,८५१** | **१,७५७,०६८** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | ४००,९७० | ४४१,०६७ |
| **कुल नेटवर्थ** | **५७०,४८८** | **६९७,७५१** | **९५५,७२२** | **१,४३३,५४१** | **१,१८५,८८१** | **१,३१६,००१** |
| शेयर संख्या (हजारमा) | ५,५७५ | ५,५७५ | ६,५५० | ९,८२५ | ९,८२५ | ९,८२५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०२.३३ | १२५.१६ | १४५.९१ | १४५.९१ | १२०.७० | १३३.९४ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |

| नेटवर्थमा औसत प्रतिफल | ४३.०९% | १८.३९% | १६.७७% | १०.४९% | १२.९३% | १२.९३% |
|---|---|---|---|---|---|---|
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | १८.७४% | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

**२०७५साल आषाढ मसान्तको वासलात**

| पूँजी तथा दायित्व | रकम (रु.हजारमा) |
|---|---|
| १. शेयर पूँजी | ६५५,००० |
| २. जगेडा तथा कोषहरु | ३००,७२२ |
| ३. ऋणपत्र तथा बण्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ४,७८९,०१७ |
| ५. निक्षेप दायित्व | २,७४४,६६० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | - |
| ८. आयकर दायित्व | - |
| ९. अन्य दायित्व | १,४९१,९३५ |
| **कुल पूँजी तथा दायित्व** | **९,९८१,३३३** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| १. नगद मौज्दात | ३४,८८४ |
| २  नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६६७ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ६७३,३३६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | - |
| ५. लगानी | ६,०५४ |
| ६. कर्जा सापट तथा बिल खरिद | ८,२५४,०६९ |
| ७. स्थिर सम्पत्ति | ३४,८३५ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ९७७,४८९ |
| **कुल सम्पत्ति** | **९,९८१,३३३** |

**२०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | १,५३३,३९३ |
| २. व्याज खर्च | ६५६,६८५ |
| **खुद ब्याज आम्दानी** | **८७६,७०८** |
| ४. कमिशन तथा अन्य सन्चालन आम्दानी | १७२,६६९ |
| ५. सटही घटबढ आम्दानी | - |
| **कुल संचालन आम्दानी** | **१,०४९,३७७** |
| ६. कर्मचारी खर्च | ६३९,३५८ |
| ७. अन्य संचालन खर्च | ९९,०२८ |
| ८. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **३१०,९९२** |
| ९. सम्भावित नोक्सानी | १२४,४१५ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१८६,५७७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | ७,९७० |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | ५५,०६१ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२४९,६०८** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | १,०२८ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२५०,६३५** |
| १३.कर्मचारी बोनस व्यवस्था | २२,७८५ |
| १४.आयकर ब्यबस्था | ६७,५४० |
| यस बर्षको | ११२,३२८ |
| गत वर्षको | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | (४४,७८८) |
| **खुद मुनाफा/(नोक्सान)** | **१६०,३११** |

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

(क) विद्यमान लघुवित्त वित्तीय संस्थाहरु र नयाँ लघुवित्त वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

(ख)वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

(ग) देशको वित्तीय नीति, मौद्रिक नीति रबैंक तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकबाट हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।

(घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

(छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(ज) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

देशको पाँच विकास क्षेत्रमा रहेका साविकका पाँच वटा ग्रामीण विकास बैंकहरु एक आपसमा मर्ज भई मिति २०७१ साउन ३० गते देखि ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.(साविक नेपाल ग्रामीण विकास बैंक लि.) को नामबाटयस संस्थाले आफ्नो लघुवित्तीय कारोवार संचालन गर्दै आइरहेको छ। वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भईहुन सक्ने जोखिमहरुको लागि  लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस वित्तीय संस्थाले लघुवित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति परिचालनमा आवश्यक ध्यान पु¥याएकोछ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीकोलागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम** : रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयरमूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबारमूल्य नजनाउने भएकोले शेयरमूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" मा भएको ब्यवस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँड गरी अभौतिक (Demat) रुपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समयभित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखीवित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. को रजिष्टर्ड कार्यालय, वुटवल उपमहानगरपालिका १०, कालिकानगर, रुपन्देही ।

(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयरसूचिकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका,२०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिन भित्र धितोपत्र सूचीकरण र अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

वित्तीय संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद मुद्दा मामिला छैन ।

**ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व वित्तीय संस्थाले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयरप्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली बैंकद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

३) आवेदन फाराममा आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुबैमा) भर्नु पर्नेछ ।

४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयरबाँडफाँट गरिंदा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा वित्तीय संस्थाको संचालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयरप्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई निजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा निजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट)रुपमा शेयर कायम रहेको शेयर

अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमाकायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

सावि‍कका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को **अनुसूची–११** बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने,

**म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथातरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगाना :**

क) वित्तीय संस्थाको तेश्रो बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७४/०७५ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागिप्रधान एण्ड कोनाजो एसोसिएट्स चाटर्ड एकाउन्टेण्टस् एफ.सि.ए. क्षेत्र गोपाल प्रधानलाईनियुक्त गरिएको छ ।

ख)यस वित्तीय संस्थाको कम्पनी सचिवमा एम.ए.(अर्थशास्त्र), बि.एड तहको शैक्षिक योग्यता हासिल गर्नु भएकातिलोत्तमा नगरपालिका वडा नं.२, रुपन्देही निवासी श्री दिपक प्रसाद पाण्डे कार्यरत हुनु हुन्छ ।

ग)यस वित्तीय संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरुको कारोबारको आधारमा निष्काशनकर्ता कम्पनी आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था आरकेएस एण्ड एसोशिएट्स, नारायणचौर, नक्साल, काठमाण्डौका चार्टर्ड एकाउण्टेन्ट श्री राजेश कुमार शाहले प्रमाणित गरेको छ ।

घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यावसायिक संस्था एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) वित्तीय संस्थाको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुपमिति २०७५/६/५ गते सम्पन्न बिशेष साधारण सभाबाट एक शेयर बराबर शुन्य दशमलव पाँच शेयर (१:०.५) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी (वित्तीय श्रोत) संकलन गर्न ।

४) वित्तीय संस्थाको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि वित्तीय संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी (वित्तीय श्रोत) जुटाउन र

५) वित्तीय संस्थाको पूँजी आधारलाई मजबुत तुल्याउन ।

६) यस बाहेक वित्तीय संस्थाले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| सि.नं. | उपयोग | रकम (रु.) |
|---|---|---|
| १. | तरलता | करिब रु.३,५०,००,०००/– |
| २. | कर्जा तथा लगानी | करिब रु.२८,००,००,०००/– |
| ३. | शाखा विस्तार | करिब रु.१,२५,००,०००/– |
| | **जम्मा** | **करिब रु.३२,७५,००,०००/–** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

१. एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौ तथा शाखा कार्यालयहरु लालदरवार, काठमाण्डौं, लगनखेल ललितपुर, चिप्लेढुंगा पोखरा, आदर्शनगर वीरगञ्ज, ट्राफिकचोक, वुटवल र गोल्छाचोक, विराटनगर ।

२. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि., वुटवल उ.म.न.पा.१०, कालिकानगर, रुपन्देही तथा क्षेत्रीय कार्यालयहरु विराटनगर, जनकपुर, बुटवल, नेपालगञ्ज र धनगढी ।

३. नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्तआस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु ।

उपरोक्त स्थानहरुको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मिति सम्ममा एनआईबिएल एस क्यापिटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा **(C-ASBA** सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुमा समेत सि-आस्वा फारामबाट हकप्रद शेयर बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को वेवसाइट www.grameenbanknepal.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल एस क्यापिटल लिमिटेडको वेवसाइट www.niblcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को वेवसाइट www.grameenbanknepal.com तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.niblcapital.com बाट हेर्न सकिनेछ ।

**निष्काशन बैंक (Banker to the Issue)** सम्बन्धि व्यबस्था :

यस निष्काशनको लागि देहायको बैंकहरुलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम, ठेगाना |
|---|---|
| १. | नेपाल इन्भेष्टमेण्ट बैंक लि., दरवारमार्ग, काठमाण्डौं |
| २. | कुमारी बैंक लि., पुतलीसडक, काठमाण्डौं |
| ३. | मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं |
| ४. | कामना सेवा विकास बैंक लिमिटेड, न्यूरोड, काठमाण्डौं |

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

वित्तीय संस्थाले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यसवित्तीय संस्थाको संचालकहरु एवं संस्थापकहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण वित्तीय संस्थाको रहेको छ ।साथै वित्तीय संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा बुझाउनुपर्ने आ.ब.२०७३/०७४ सम्मको सम्पूर्ण विवरण अद्यावधिक रहेकोर सो ब्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७५/१०/२४, च.नं. २६१५२ को पत्रबाट प्राप्त भएको छ ।

**क्रेडिट रेटिङ सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५ माघ २९ गते **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल **(Below Average Fundamental)** आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने +(Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : फेब्रुअरी १२, २०१९ बहाल रहने अवधि : फेब्रुअरी ११,२०२० सम्म

**श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७२/०७३ | १,३०४/– | १०८/– | १,०८०/– | २,०५०.९६ |
| ०७३/०७४ | १,०५९/– | ४३९/– | ७४६/– | ९५७.१३ |
| ०७४/०७५ | १,०५०/– | ६५५/– | ७०३/– | ५१४.५८ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| महिना | अधिकतम शेयर | न्युनतम शेयर | अन्तिम बजार | शेयर कारोबार |
|---|---|---|---|---|

| | मूल्य (रू.) | मूल्य (रू.) | मूल्य (रू.) | संख्या (कित्तामा) |
|---|---|---|---|---|
| **२०७५माघ** | ४६७/– | ४२५/– | ४३५/– | ६८.५६ |
| **२०७५ फागुन** | ४६२/– | ४१८/– | ४६०/– | ४६.६२ |
| **२०७५ चैत्र** | ४७८/– | ४३६/– | ४४६/– | ५९.६६ |

**द्रष्टव्य:** यस वित्तीय संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयरनिष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम, दस्तखत ।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री माणिकरत्न शाक्य | अध्यक्ष | |
| २. | श्री बम बहादुर मिश्र | संचालक | |
| ३. | श्री चण्डी प्रसाद घिमिरे | संचालक | |
| ४. | श्री सलोनिका सिंह | संचालक | |
| ५. | श्री भेषराज कँडेल | संचालक | |
| ६. | श्री सुशिल कुमार थापा | संचालक | |
| ७. | श्री रमेश दाहाल | स्वतन्त्र सञ्चालक | |

**स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**